# मायादेवी गाउँपालिका

# गाउँकार्यापालिकाको कार्यालय

## बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।

## झुलनीपुर वेलाहा पोखरी सम्बन्धी सिलवन्दी दरभाउ पत्र

मायादेवी,गा. पा. रुपन्देही

प्रस्ताव फाराम नं.१५

आ.व. २०८२/०८३

Scanned with
CamScanner

मायादेवी गाउँपालिका

# गाउँकार्यापालिकाको कार्यालय

बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।

## दरभाउ-पत्र

झुलनीपुर वेलाहा पोखरी ठेक्का सम्बन्धी शिलवन्दी प्रस्ताव (मायादेवी गा.पा.-४, रुपन्देही (०१- मायादेवी आय -२०८३/०८४) दरभाउ फाराम दस्तुरः- रु.१०००/-

| क्र.सं. | ठेक्काको विवरण | न्युनतमतम ठेक्का अंक रु.( मु.अ.कर र अन्य कर बाहेक) | कबोल गरेको रकम रु. (मु.अ.कर र अन्य कर बाहेक) | | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अङ्कमा रु. | अक्षरमा रु. | | |
| १. | झुलनीपुर वेलाहा पोखरी ख कित्ता ९ सेमरी ५२ हाल ६७४ | रु. ११००००.०० अक्षरेपीः- एक लाख दश हजार मात्र । | | | | |

संलग्न दररेट ठेक्काका शर्तहरु पालना गरी उक्त कबुल गरेको ठेक्का अंक (मु.अ.कर र अन्य कर समेत) मा काम गर्न मन्जुर छु भनी सही छाप गर्नेः-

प्रस्तावदाताको फर्मको नामः-

प्रोप्राईटरको नामः-

बाबुको नामः-

बाजेको नामः-

ठेगानाः-

सम्पर्क फोन नं:

प्रस्तावदाताको सही छापः

मितिः

प्रस्ताव खरिद गर्ने अन्तिम मिति २०८३/०३/०९ गते बेलुका ५:०० बजे सम्म ।

प्रस्ताव दाखिला गर्ने अन्तिम मिति २०८३/०३/१० गते १०:०० बजे देखी १२:०० बजे सम्म ।

प्रस्ताव खोलिने मिति र समयः २०८२/०३/१० गते २:०० बजे दिउँसो ।

Scanned with CamScanner

# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्याः- २०८२/०८३
सुचना नं.:- २३५१
मितिः-२०८३/०३/०३

**आ.व.२०८३/०८४ को लागि आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्वन्धी ७(सात) दिने सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८३ असार ३ गते

मायादेवी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को आन्तरिक आय संकलनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आन्तरिक आय सङ्कलनको लागि तपसिल बमोजिमको शीर्षकमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी शिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्य थप जानकारीका लागि गाउँकार्यपालिकाको सूचनापाटी वा वेभसाईट **www.mayadevimunrupandehi.gov.np** तथा कार्यालय समय भित्र यस गाउँ कार्यापालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

<u>तपसिल</u>

| क्र.सं. | ठेक्का नं. | ठेक्का बिवरण | ठेगाना | न्युनतम कबोल अङ्क रु. (करबाहेक) | धरौटी | दरभाउ दस्तुर (रु.) | ठेक्का अवधी |
|---|---|---|---|---|---|---|---|
| १ | ०१-मायादेवी आय-२०८३/०८४ | झुलनीपुर बेलाहा पोखरी ख कित्ता ९ सेमरी ५२ हाल ६७४ | मायादेवी ४ | ११०००० | कबोल अङ्कको ५ प्रतिशतले हुन आउने रकमको बैङ्क भौचर वा सो बराबरको बैङ्क जमानत | १०००/- | ३ बर्ष |

<u>शर्तहरु</u>

१. फर्मको नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित बोलपत्र फाराम दस्तुर वापत को रकम प्राईम कमर्सियल बैङ्क लिमिटेडमा मायादेवी गाउँपालिकाको नाममा रहेको राजश्व खाता नं. ०६४०१००००००१५७००११९ मा ठेक्का नं. र बोलपत्रदाताको नाम समेत उल्लेख गरि तोकिए वमोजिमको दरभाउपत्र दस्तुर वापतको रकम दाखिला गरेको बैङ्क भौचर पेश गरी मायदेवी गाउँपालिकाको website https://mayadevimunrupandehi.gov.np/ बाट दरभाउपत्र फाराम डाउनलोड गर्न वा मायादेवी गाउँपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. बोलपत्र दाखिला गर्दा बोलपत्र खरिद दस्तुर रसिदलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गरि यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको दिन बेलुका ५ बजे सम्म खरिद गरी ८ औं दिउँसो १२ बजे सम्म दर्ता

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।


पत्र संख्याः- २०८२/०८३
सुचना नं.:- २३५२

मितिः-२०८३/०३/०३

भएका वोलपत्रहरु ८ औं दिनको २:०० बजे खोलिनेछ साथै सो दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता गरिने र खोलिने छ ।

३. बोलपत्रदाताले खामको बाहिर पट्टी ठेक्का नं., ठेक्का विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । बोलपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै बोलपत्र संलग्न, गर्नुपर्ने छ।

४. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई अधार मानी धरौटी वापत कवोल अंकको ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी बापत यस मायादेवी गाउँपालिकाको कार्यालय,बरेवा, रुपन्देहीको नाममा रहेको प्राईम कर्मिसयल वैङ्क, बेथरी शाखाको खाता नं .०६४०१००००००१६५००११२ धरौटी खातामा रकम जम्मा गरेको भौचर सक्कल प्रति वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैंक बाट जारी गरिएको कम्तिमा ९० (नब्वे दिन) मान्य हुने बिडबण्डको सक्कल प्रति पेश गरेको हुनु पर्नेछ । शिलबन्दि बोलपत्रका साथ जमानत वापतको रकम नगद राखेमा मान्य नहुनुका साथै जमानत वापतको नगद रकम जफतसमेत गरिने छ।

५. दरभाउपत्र स्वीकृत भए पश्चात कबोल गरेको रकम र सो मा लाग्ने कर दाखिला गरी आवश्यक कागजात सहित कार्य सम्झौताको लागि यस कार्यलयमा सम्पर्क राख्नु पर्नेछ ।

६. दरभाउपत्र खरिदकर्ताले आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दर्ता भएको शिलबन्दी वोलपत्र फिर्ता तथा संशोधन हुनेछैन।

७. दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट माथी उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ, साथै त्यसै बमोजिम खोल्ने कार्यक्रम पनि हुनेछ ।

८. रितपूर्वक दाखिला भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार हुने छैन ।

९. प्रचलित नियमानुसार कालोसुचिमा परेका, गाउँपालिका कार्यालयलाई बुझाउनपर्ने बाँकी बक्यौता भएका ब्यक्ती, फर्म तथा कम्पनीहरुको वोलपत्र उपर कुनै कार्यवाहि हुने छैन ।

१०. यस सुचनामा उल्लेख भएका शर्तहरु लगाएत यस गाउँकार्यपालिकाको निर्णयनुसार दिइने सुझाव यस ठेक्का प्रयोजनको लागी अभिन्न अंगको रुपमा मानिनेछन् ।

११. अन्य शर्तहरु प्रचलित ऐन, कानुन, नियममानुसार हुनेछ।

.......................................
नवराज भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner